# <u>बीउ बिजन आत्मनिर्भर कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७९</u>

स्वीकृत मितिः२०७९/०६/०२

**<u>प्रस्तावनाः</u>** श्रोत बीउ/उन्नत बीउ उत्पादन एवम् प्रवर्द्धनका लागि आवश्यक भौतिक पूर्वाधार एवम् संरचना, प्रविधि प्रसार तथा गुणस्तर नियन्त्रण र नियमनसँग सम्बन्धित क्रियाकलापहरु एकीकृत रुपमा सञ्चालन गर्नका लागि विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद -१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१)यस कार्यविधिको नाम **"बीउ बिजन आत्मनिर्भर कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **<u>परिभाषा :</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"आवेदक"** भन्नाले कार्यक्रममा सहभागी हुनका लागि आवेदन दिएका कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक तथा निजी फार्म/ कम्पनीलाई सम्झनु पर्छ।

(ख) **"उत्पादक"** भन्नाले विभिन्न बाली तथा जातहरुका मूल, प्रमाणित तथा उन्नत बीउ उत्पादनमा संलग्न कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक तथा निजी फार्म/ कम्पनीलाई सम्झनु पर्छ।

(ग) **"उन्नत बीउ"** भन्नाले प्रचलित बीउ बिजन ऐन र बीउ बिजन नियमावली अनुसार बीउ उत्पादन गरी यथार्थ संकेत पत्र लगाइएको बीउ र बालीका वर्णशंकर जातहरुलाई सम्झनु पर्छ।

(घ) **"कार्यक्रम"** भन्नाले बीउ बिजन आत्मनिर्भर कार्यक्रमलाई सम्झनु पर्छ।

(ङ) **"बीउ उत्पादन क्षेत्र"** भन्नाले श्रोत/उन्नत बीउ बिजन उत्पादन एवं प्रवर्द्धन गर्नका लागि तोकिएको निर्धारित क्षेत्रफल सहितको क्षेत्र सम्झनु पर्छ।

(च) **"निर्देशनालय"** भन्नाले कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(छ) **"प्रदेश भन्नाले"** बागमती प्रदेश सम्झनु पर्छ।

(ज) **"प्रयोगशाला"** भन्नाले बीउ बिजन प्रयोगशाला सम्झनु पर्छ।

(झ) **"बीउ बिजन"** भन्नाले प्रचलित कानून अनुसार उन्मोचन तथा दर्ता भएका विभिन्न बालीका जातहरुको मुल बीउ, प्रमाणित बीउ, उन्नत बीउ  र वर्णशंकर बीउलाई सम्झनु पर्छ ।

(ञ) **"मन्त्रालय "**भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(ट) **"स्थानीय तह"** भन्नाले महानगरपालिका ,उपमहानगरपालिका, नगरपालिका र गाउपालिकाहरुलाई सम्झनु पर्छ।

(ठ) **"समिति"** भन्नाले यस कार्यविधिको दफा ३ को उपदफा (३) बमोजिमको क्षेत्र निर्धारण सिफारिस समितिलाई जनाउँछ।

(ड) **"श्रोत बीउ"** भन्नाले प्रचलित बीउ बिजन ऐन र बीउ बिजन नियमावली अनुसार प्रमाणित गरिएको मूल र प्रमाणित बीउ सम्झनु पर्छ। यसले वर्णशंकर जातका पैत्रिक लाईन (इनब्रिड) समेतलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन तथा कार्यान्वयन

३. बीउ उत्पादन क्षेत्र निर्धारण : (१) प्रादेशिक आवश्यकता एवं स्थानिय सम्भाव्यताको आधारमा कार्यक्रमको क्षेत्र निर्धारण प्रयोजनका लागि अनुसूची-१ का जिल्लाहरुमा क्रियाशिल इच्छुक आवेदकले एकल एवं संयुक्त रुपमा अनुसूची -२ बमोजिमको ढाँचामा निवेदन सहित तथ्याङ्क विवरण पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) प्रयोजनका लागि प्रयोगशालाले सार्वजनिक सूचना प्रकाशन गर्ने छ। सूचनाको आधारमा इच्छुक आवेदकले सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्रमा आवेदन दर्ता गर्न सक्नेछन।

(३) उपदफा (४) बमोजिमका आधारमा प्राप्त आवेदनको अध्ययन गरि क्षेत्र निर्धारण सिफारिश गर्न देहाय बमोजिमको क्षेत्र निर्धारण सिफारिस समिति रहनेछ।

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| प्रमुख, सम्वन्धित कृषि ज्ञान केन्द्र | सदस्य |
| प्रमुख/प्रतिनिधि, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, | सदस्य |
| प्रमुख/प्रतिनिधि, परियोजना कार्यान्वयन एकाइ, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | सदस्य |
| अधिकृत स्तर कर्मचारी, बीउ विजन प्रयोगशाला | सदस्य सचिव |

(४) बीउ उत्पादन क्षेत्र निर्धारण सम्वन्धि आधारहरु देहाय बमोजिम हुनेछ:

क. प्राविधिक रुपमा उपयुक्त,

ख. स्थानिय स्तरमा रोजगारी श्रृजना र उत्पादन बृद्दि गर्न सक्ने बाली,

ग. आयात प्रतिस्थापनमा सहयोग पुर्याउने बाली,

घ. सिंचाइ, सडक, विद्युत लगाएतका पूर्वाधारहरु भएको,

ङ. न्यूनतम १०० हेक्टर क्षेत्रफल सम्भव भएसम्म एउटै क्लष्टरमा गर्न सकिने सम्भावना भएको,

(५) समितिले उपदफा (४) बमोजिमको आधारमा अध्ययन सहित अनुसूचि -३ बमोजिमको मापदण्ड अनुसार मूल्याङ्कन गरी सिफारिस सहितको प्रतिवेदन प्रयोगशालामा पेश गर्नु पर्नेछ।

(६) समितिले दिएको प्रतिवेदनको आधारमा प्रयोगशालाले सिफारिस सहित पेश गरेको प्रस्ताव बमोजिम मन्त्रालयले बीउ उत्पादन क्षेत्र निर्धारण गर्न स्वीकृति दिनेछ।

(७) सूचना गर्नुपर्ने: प्रयोगशालाले क्षेत्र निर्धारण सम्वन्धि जानकारी प्रवाह गर्नेछ।साथै सूचीकरण प्रयोजनका लागि आवेदन दर्ता गर्न सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र मार्फत सावर्जनिक सूचना प्रकाशन गर्नेछ।सो सूचनाको आधारमा सूचीकरणका लागि प्रयोगशालामा समेत आवेदन दर्ता गर्न सकिनेछ।

(८) सूचिकरण गर्नु पर्ने: सम्बन्धित कृषि ज्ञान केन्द्र/प्रयोगशालामा दर्ता भएका आवेदकहरुको आवेदन आवश्यक अध्ययन गरि प्रयोगशालाले सूचीकरण गर्नु पर्नेछ।

४. **कार्यक्रम सञ्चालन:** (१) अनुसूची- १ अनुसारका ४ जिल्लाहरुमा बीउ उत्पादनका लागि दफा २ बमोजिम निर्धारण भएका क्षेत्र भित्र सञ्चालन हुनेछ।साथै आवश्यकता र औचित्यतताको आधारमा आगामी आर्थिक वर्षहरुमा विस्तार गर्न सकिनेछ ।

(२) कार्यक्रम सञ्चालन गर्दा बीउ उत्पादन तथा व्यवस्थापनका लागि प्राविधिक रुपमा उपयुक्त एवं पूर्वाधार सहितका संरचना निर्माण गर्न सक्षम आवेदकहरुलाई छनौटका लागि प्राथमिकता प्रदान गर्न सकिनेछ।

(३) बीउ बिजन आत्मनिर्भर कार्यक्रम श्रोत उपलब्धताको आधारमा बीउ बिजन प्रयोगशाला मार्फत सञ्चालन हुनेछ।

(४) प्रयोगशालाले सुचिकरण भएका आवेदकहरुलाई दफा ६ अनुसारका कार्यक्रममा सहभागीताका लागि सूचना आव्हान गर्न सक्नेछ।

(५) अनुसूची-९ को संरचनागत सुधार तथा पूर्वाधार विकास (बीउ श्रोत केन्द्र स्थापना) सम्भागमा सहभागी हुन बीउ उत्पादन क्षेत्र भित्रका आवेदकहरुको अलावा जिल्ला भित्र रही बीउ उत्पादन, प्रवर्द्धन वा बीउजन्य व्यवसायमा संग्लग्न कृषक समूह/कृषि सहकारी/ सामुदायिक बीउ बैंक/नीजि फार्म/कम्पनीले समेत बीउ उत्पादन क्षेत्र भित्र उत्पादन भएको बीउको संकलन, भण्डारण, प्रशोधन तथा बजारीकरण गर्ने गरी कार्यक्रममा सहभागीताका लागि प्रस्ताव पत्र पेश गर्न सक्नेछन्।यसरी सहभागि हुन चाहने आवेदकहरुको न्युनतम योग्यता अनुसूची-५ बमोजिम हुनेछ ।

(६) आवेदकहरुले अनुसूची-४ अनुरुपका क्रियाकलापहरु समावेश गरी दफा ६ अन्तरगतको सम्भागहरुको लागि छुट्टाछुट्टै रुपमा अनुसूची -६ "क" र ६ "ख" बमोजिमको ढाँचामा प्रस्तावपत्र/आवेदन पत्र अनुसूची-७ बमोजिमको प्रतिवद्दता पत्र सहित प्रयोगशालामा पेश गर्नु पर्नेछ।

(७) प्राप्त प्रस्ताव पत्रहरुको मूल्याङ्कन गर्दा बीउ उत्पादन क्षेत्र भित्रका आवेदकहरुबाट प्राप्त प्रस्तावपत्रलाई छनौटका लागि प्राथमिकता दिन सकिनेछ।

(८) कार्यक्रममा सहभागी हुन चाहने आवेदकहरुले खाद्यान्न बालीको श्रोत बीउको हकमा न्यूनतम २० हेक्टर क्षेत्रफल र उन्नत बीउको हकमा प्रति क्लष्टर भित्र न्यूनतम ५० हेक्टर, तरकारीको हकमा ५ हेक्टर, आलुबालीको हकमा ५ हेक्टर तथा घाँस बालीको हकमा ५ हेक्टर क्षेत्रफलमा उन्नत बीउ उत्पादन गर्नु पर्ने छ।

(९) कार्यक्रमको संरचनागत सुधार तथा पूर्वाधार विकास (बीउ श्रोत केन्द्र स्थापना) गर्न चाहने आवेदकहरुले अनिवार्य रुपमा तोकिएको क्षेत्रमा श्रोत/उन्नत बीउ उत्पादन तथा व्यवस्थापन गर्नु पर्नेछ।साथै पूर्वाधार निर्माणका लागि तराइमा ५ कठ्ठा तथा पहाडी भेगको हकमा ३ रोपनी जग्गाको व्यवस्थापन गर्नु पर्नेछ।

(१०) आलुको पि.वि.एस. दाना बीउ उत्पादनका लागि आवश्यक संरचना निर्माण र आलुको श्रोत बीउ उत्पादनमा सहभागी हुन चाहने आवेदकहरुको हकमा क्लष्टर भित्र कम्तिमा ५ हेक्टर क्षेत्रफलमा बीउ उत्पादन गर्नु पर्ने छ।

(११) कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुलाई प्रयोगशालाले २१ दिन अवधिको सूचना प्रकाशन गर्नु पर्नेछ र सो समयावधि भित्र माग बमोजिम आवेदन प्राप्त हुन नसकेमा पुनः ७ दिनको म्याद थप गरी सूचना प्रकाशन गर्न सक्नेछ।

(१२) दोहोरोपना नहुनेः कार्यक्रममा सहभागी हुने आवेदकहरुले एउटै एवं उस्तै प्रकृतिको कार्यको लागि अन्य निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको वा श्रोतको दोहोरोपना नहुने सुनिश्चतता सहित आवेदन दिन/कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

**५. <u>प्रस्ताव मूल्याङ्कन तथा छनौट सम्बन्धी व्यवस्था</u> :** (१) तोकिएको बीउ उत्पादन क्षेत्रबाट प्रयोगशालामा प्राप्त हुन आएका प्रस्तावपत्र/आवेदनहरुको मूल्याङ्कन सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४७ बमोजिम गठन हुने मुल्याङ्कन समितिले गर्ने छ।

(२) मुल्याङ्कन समितिले बीउ बिजन आत्म निर्भर कार्यक्रम सञ्चालन हुने सम्बन्धित कृषि ज्ञान केन्द्र/ स्थानीय तहको कृषि शाखा प्रमुख वा प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) मुल्याङ्कन समितिले *संरचनागत सुधार तथा पूर्वाधार विकास कार्यक्रम* अन्तरगत प्राप्त प्रस्तावपत्रहरुको मूल्याङ्कन अनुसूची -८ अनुसारको मुल्याङ्ककनका आधार एवं अङ्क भारका आधारमा गर्नेछ ।

(४) मुल्याङ्कन समितिले *बीउ उत्पादन प्रवर्द्धन तथा क्षेत्र विस्तार सहयोग कार्यक्रम* अन्तरगत प्राप्त आवेदनहरुको हकमा स्वीकृत बजेटको परिधि भित्र रही औचित्यताको आधारमा सोझै मूल्याङ्कन गर्न सक्नेछ।

(५) मुल्याङ्कन मूल्याङ्कन समितिले प्राप्त प्रस्ताव पत्र/आवेदनहरुको मूल्याङ्कन गरि छनौट तथा स्वीकृतिका लागि प्रयोगशालामा पेश गर्नेछ ।

(६) प्रस्ताव पत्र/आवेदन स्वीकृत गर्न सक्ने: प्रयोगशालाले मूल्याङ्कन भइ छनौटका लागि पेश हुन आएका प्रस्तावपत्रहरु अध्ययन गरि उपयुक्त ठहरेमा स्वीकृत गर्नेछ ।

६. <u>कार्यक्रमका सम्भागहरु तथा क्रियाकलापहरु सम्वन्धी व्यवस्था</u> : (१) कार्यक्रमका सम्भागहरु अनुसूची-९ बमोजिम हुनेछन।

(२) चालु आ.व.२०७९/८० को लागि क्रियाकलाप सहितको कार्यक्रम विस्तृतिकरण विवरण अनुसूची-१० बमोजिम हुने छ।

७. <u>सम्झौता तथा भुक्तानी सम्बन्धी व्यवस्था</u> : (१) स्वीकृत भएका आवेदकहरुलाई प्रयोगशालाले सम्झौताका शर्तहरु बारे आवश्यक छलफल गरी सम्झौता गर्नु पर्नेछ।

(२) स्वीकृत भएका आवेदकहरुलाई प्रयोगशालाले ७ दिनको समयावधि दिई सम्झौताको लागि आव्हान गर्न सक्नेछ साथै निर्धारित समयभित्र सम्झौता गर्न नआएमा बैंकल्पिक आवेदकहरुलाई सम्झौताको लागि आव्हान गर्नु पर्नेछ। आवेदकहरुसँग नियमानुसार सम्झौता गरी कार्यदिश दिनु पर्नेछ ।

(३) सम्झौता पश्चात स्वीकृत रकमको परिधि भित्र रही कार्य सम्पन्न भए पश्चात भुक्तानी गरिने छ वा आर्थिक कार्यविधि बमोजिम पेश्की रकम उपलब्ध गराउन सकिनेछ वा कार्य प्रगति तथा खर्च प्रमाणित हुने कागजातको आधारमा किस्ताबन्दीको रुपमा भुक्तानी गर्न सकिनेछ।

(४) सहजिकरण रकमको भुक्तानी सम्बन्धित आवेदकहरुको बैंक खातामा जम्मा हुने गरी उपलब्ध गराईने छ। संरचनागत सुधार तथा पूर्वाधार विकास कार्यक्रम अन्तर्गत बीउ भण्डारण गृह निर्माणका लागि इजाजत पत्र प्राप्त निर्माण प्राविधिकले तयार गरेको लगत इष्टिमेट, कार्य सम्पन्न प्रतिवेदन, नापी किताव (Measurement Book) प्रशोधन उपकरणहरुको हकमा Specifications, Post Delivery Report आदिका आधारमा भुक्तानीको व्यवस्था गरिने छ।

(५) बीउ उत्पादन प्रवर्द्धन तथा क्षेत्र बिस्तार सहयोग कार्यक्रम अन्तर्गत छनौट भएका आवेदकहरुको हकमा सम्बन्धित बीउ उत्पादक संस्थाले बीउ प्रमाणिकरण निकायमा पठाएको खेत निरीक्षण सम्बन्धी पूर्व जानकारी फाराम, श्रोत बीउ/ उन्नत बीउ उत्पादन क्षेत्रको प्रचलित कानून बमोजिम मान्यता प्राप्त/इजाजत प्राप्त बाली निरीक्षकले बाली निरीक्षण गरी जारी गरेको बाली निरीक्षण प्रतिवेदन, सम्बन्धित स्थानिय तहबाट क्षेत्रफल किटान सम्बन्धी सिफारिस, बाली कटानी प्रतिवेदन, उत्पादित बीउ श्रोत/उन्नत बीउ उत्पादनमा बिक्री गर्ने प्रतिवद्धता पत्र, श्रोत/उन्नत बीउ खरिद सम्बन्धी बिल, सिंचाइको हकमा निर्माण प्राविधिकले तयार गरेको लगत इष्टिमेट, कार्य सम्पन्न प्रतिवेदन, नापी किताव (Measurement Book) आदि

कागजातहरुको आधारमा सम्बन्धित साझेदार संस्थाको बैंक खातामा जम्मा हुने गरि भुक्तानीको व्यवस्था गर्नु पर्नेछ।

(६) भुक्तानी गर्ने समयमा प्रयोगशालाले कानून वमोजिम कर कट्टी गरी सम्झौता अनुसारको रकम उपलब्ध गराउनु पर्नेछ।

(७) पारदर्शिता तथा सहजिकरण बापत प्राप्त रकमको गुणस्तरीय उपयोग प्रवर्द्धनका लागि छनौट भएका आवेदकहरुले सम्पूर्ण लागत बमोजिमको रकम एवं सञ्चालन गरिने क्रियाकलापहरु प्रस्ट रुपमा देखिने गरी कार्यक्रम स्थलमा होर्डिंग वोर्डको व्यवस्था गर्नु पर्नेछ।

८. **<u>जनशक्ति व्यवस्थापन</u> :** (१) कार्यक्रमको व्यवस्थापकिय पक्ष प्रयोगशालामा कार्यरत कर्मचारीहरुबाट सञ्चालन गर्नु पर्ने छ ।

(२) फिल्ड स्तरमा सञ्चालन हुने कार्यक्रमको कार्यान्वयनमा सहजिकरणका लागि प्रत्येक जिल्लामा २ जनाका दरले बीउ प्राविधिक/सहजकर्ता छनौट तथा नियुक्ति गर्न सकिनेछ ।

(३) उपदफा (५) बमोजिमका योग्यता एवं अनुभव पुगेका आवेदकहरुलाइ प्रयोगशालाले सोझै नियुक्ति गरी करार सम्झौता मार्फत काममा लगाउन सक्नेछ।

(४) जनशक्तिको सेवा सुविधा करार सम्झौताको आधारमा प्रयोगशालाले तय गरे बमोजिम हुनेछ।

(५) बीउ प्राविधिक तथा बीउ सहजकर्ताको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ।

**क. बीउ प्राविधिकको लागि:**

१. नेपाली नागरिक,
२. मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा न्यूनतम प्रविणता प्रमाण पत्र तह उतिर्ण वा जे.टि.कोर्ष उतिर्ण गरि २ वर्षको कार्य अनुभव भएको,
३. सम्बन्धित जिल्ला/ स्थानिय तहको वासिन्दालाइ विशेष ग्राह्यता दिइनेछ।

**ख. बीउ सहजकर्ताको लागि**

१. नेपाली नागरिक,
२. मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम SEE उतिर्ण गरेको,
३. सम्बन्धित जिल्लाको स्थानिय वासिन्दालाइ विशेष ग्राह्यता दिइने

## <u>परिच्छेद ३</u>

९. **<u>उपलब्ध हुने सहजीकरण/सेवा सुविधाहरु</u>** : तोकिएका क्षेत्रमा सञ्चालन हुने क्रियाकलापहरुका लागि प्रदेश सरकारले तोकि दिएको अवस्था बाहेक उपलब्धीमा आधारित सहजीकरण(Output Based Facilitation) सेवा/रकम अनुसूची -११ बमोजिम उपलब्ध गराउनु पर्नेछ।

१०. **अवलम्बन गरिने विधि** :(१) कार्यक्रम कार्यान्वयनका बखत देहायका विधिहरु अवलम्बन गरिने छ ।

(क) बागमती प्रदेशको आ.व. २०७९/०८० को बजेट वक्तव्यमा उल्लेख भएका जिल्लाहरु लगायत बीउ उत्पादनका लागि प्राविधिक रुपमा उपयुक्त जिल्लाहरुमा प्रादेशिक आवश्यक्ता, स्थानीय सम्भाव्यता र तुलनात्मक लाभका आधारमा धान, गहुँ, मकै, तरकारी, आलु तथा घाँसको बीउ उत्पादन क्षेत्र छनौट गरिनेछ।

(ख) Output Based Facilitation अनुसारका सुबिधाहरु मार्फत मूल्य श्रृंखलाका सबै अवयवहरु सहितको एकिकृत सघन क्रियाकलापहरु सञ्चालन गरी खाद्यान्न बाली मध्ये क्रमश: धान,गहुँ, मकै तरकारी बाली तर्फ क्रमश: सिमी, केराउ, मुला घाँसे बाली तर्फ क्रमश: जै, तथा टियोसेन्टी र आलुको उत्पादन एंव उत्पादकत्व अभिबृद्धि गरिनेछ।

(ग) उन्नत तथा हाईब्रिड बीउहरुको उपलब्धता, सिंचाईको सहज पहुँच, गुणस्तरीय रसायनिक र प्राङ्गारिक मलहरुको आवश्यक परिमाणमा सहज उपलब्धता, कृषि यान्त्रिकरण, बजारीकरण, उत्पादन उपोरान्त मूल्य अभिवृद्धि, प्रमुख खाद्यान्न बालीको न्यूनतम समर्थन मूल्य लगायतमा सहजीकरण मार्फत उत्पादन अभिवृद्धिका लागि प्रोत्साहन गरिनेछ।

## परिच्छेद-४

## विविध

११. **अनुगमन तथा मूल्याङ्कन:** मन्त्रालय, निर्देशनालय, कृषि ज्ञान केन्द्र र बीउ बिजन प्रयोगशालाहरुले आवश्यक्ताअनुसार सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

१२. **कारवाहीको व्यवस्था:** सहजिकरण रकम प्राप्त गर्ने छनौट भएका आवेदकहरुले प्राप्त सहजिकरण रकमलाई दुरुपयोग गरेको पाइएमा वा असम्बन्धित क्षेत्रमा खर्च गरेको पाईएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१३. **प्रचलित कानून बमोजिम हुने:** प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै बमोजिम कार्यान्वयन हुनेछ।

१४. **वाधा अडकाउ फुकाउ**: यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अडचन आइपरेमा मन्त्रालयले वाधा अडकाउ फुकाउ तथा अन्य आवश्यक व्यवस्था गर्न सक्नेछ।

१५. **कार्यविधि संशोधन तथा परिमार्जन:** मन्त्रालयले यस कार्यविधि तथा यसका अनुसूचीहरुमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

## अनुसूची -१

## कार्यक्रम सञ्चालन हुने जिल्लाहरु

## दफा ३ को उपदफा (१) सँग सम्वन्धित

कार्यक्रम लागु हुने जिल्लाहरुः

१. चितवन,

२. मकवानपुर,

३. धादिङ्ग र

४. काभ्रे ।

## अनुसूची -२

## बीउ उत्पादन क्षेत्रका लागि आवेदन तथा तथ्याङ्क फारमको ढांचा

### दफा ३ को उपदफा (१) सँग सम्वन्धित

मितिः

श्रीमान् प्रमुख ज्यू

विषय : बीउ उत्पादन क्षेत्र निर्धारण गरी पाँउ सम्बन्धमा ।

महोदय,

त्यस कार्यालयको मिति मा प्रकाशित/प्रसारित सूचना अनुसार चालु आ.ब. २०७९/८० मा .......... जिल्लामा स्थापना हुने बीउ बिजन आत्म निर्भर कार्यक्रम अन्तरगतको बीउ उत्पादन क्षेत्र निर्धारणका लागि हामी तपशिल बमोजिमका कृषक समुह/कृषि सहकारी/सामुदायीक बीउ वैंक/नीजि फार्म/कम्पनी हरु .................जिल्लाको .....................................गा.पा./न.पा. भित्र कमाण्ड क्षेत्र रहने गरी बीउ उत्पादन क्षेत्र स्थापना गरि सञ्चालन गर्न इच्छुक भएकोले ................बालीको बीउ उत्पादन क्षेत्र निर्धारण गरिदिनुहुन यो निवेदन पेश गरेका छौ ।

| क्रस | कृषक समुह/कृषि सहकारी/सामुदायीक बीउ वैंक/नीजि फार्म/कम्पनी | ठेगाना | सम्पर्क न | अध्यक्ष/सञ्चालकको नाम | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

निवेदन साथ संगलग्न कागजातहरु

सम्वन्धित निकायमा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि

कार्यक्रम सञ्चालन हुने स्थानिय तहको सिफारिस

अध्यक्ष /सञ्चालकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि

प्रस्तावित क्षेत्रको आधारभुत तथ्याङ्क फारम

## प्रस्तावित बीउ उत्पादन क्षेत्रको आधारभूत तथ्याङ्क फाराम

१. बीउ उत्पादन क्षेत्रमा उत्पादन गरिने बालीको नाम

२. बीउ उत्पादन क्षेत्र स्थापना गरिने स्थान:

३. बीउ उत्पादन क्षेत्रमा समावेश हुन सक्ने घरधुरीहरुको विवरण

| गाँपालिका/नगरपालिका | वडा नम्वर | कृषक घरधुरी सख्या | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

४. प्रस्तावित क्षेत्रमा समावेश हुने खेतियोग्य जग्गाको विवरण

| जग्गाको किसिम | क्षेत्रफल हेक्टर | सिचित हेक्टर | असिचित हेक्टर | सिचित भए सिँचाइको श्रोत |
|---|---|---|---|---|
| खेत | | | | |
| बारी | | | | |
| पाखो | | | | |
| जम्मा | | | | |

५. प्रस्तावित क्षेत्रका प्रमुख बालीको क्षेत्रफल उत्पादन तथा उत्पादकत्व सम्वन्धि विवरण

| प्रमुख बालीहरु | क्षेत्रफल हेक्टर | उत्पादकत्व | उत्पादन | अनुमानित बिक्री परिमाण मे.टन |
|---|---|---|---|---|
| धान | | | | |
| गहु | | | | |
| मकै | | | | |
| तरकारी | | | | |
| आलु | | | | |
| घाँस बाली | | | | |

६. कार्यक्रमबाट प्राप्त हुने अपेक्षित उपलब्धिहरु

| जग्गाको क्षेत्रफल | तोकिएको बालीले ढाक्ने क्षेत्रफल | उत्पादकत्व (मे.टन/हेक्टर) | उत्पादन मे.टन | थप विस्तार हुने क्षेत्रफल |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

७. प्रस्तावित बालीको प्राविधिक एंव भौगोलिक उपयुक्तता

८. प्रस्तावित बाली/वस्तुको वजारीकरणको सम्भावना

| प्रमुख बजार | उपलव्ध वजार पुर्वाधार | उत्पादनको वजारीकरण योजना |
|---|---|---|
| | | |
| | | |

९. कृषि उत्पादन सामाग्री उपलव्धताको श्रोत एंव अवस्था

| उत्पादन सामाग्री | उपलव्ध श्रोत | कैफियत |
|---|---|---|
| | | |
| | | |

१०. प्रस्तावित क्षेत्रमा बाली/वस्तु उत्पादनको लागि आवश्यक कृषि पुर्वाधारहरुको उपलव्धता

११. प्रस्तावित क्षेत्र भित्र सामुहिक खेति वा क्लष्टरमा खेतिको हालको अवस्था एंव विस्तारको सम्भावना

१२. प्रस्तावित कार्यक्रमबाट थप हुन सक्ने रोजगारीका अवसरहरु

| आंशिक रोजगारी | पुर्णकालिन रोजगारी | दैनिक ज्यालादारी |
|---|---|---|
| | | |
| | | |

१३. बीउ उत्पादन क्षेत्र माँग गर्ने संस्थाको प्रोफाइल

**(संस्था एकभन्दा बढि भए यो प्रोफाइल क्रमश थप्दै जाने)**

क. कृषक समुह/कृषि सहकारी/सामुदायिक वीउ वैंक/नीजि फार्म/कम्पनीको नाम

ख. स्थापना मिति :

ग. ठेगाना :

घ. दर्ता न. दर्ता भएको निकाय:

ङ. सस्थाको उद्देश्य:

च. मासिक वचत छ वा छैन ? यदि छ भने

वैकको नाम :

छ. संस्था कार्यान्वयनको प्रमाण

(क) निर्णय ( ) (ख) नगदी खाता ( ) (ग) वैंक खाताको विवरण ( )

(घ) दर्ता प्रमाण पत्र ( ) (ङ) अचल सम्पतीको स्वामित्वको प्रमाण पत्र ( )

(च) शेयर सदस्य संख्या ( )

ज. संस्थाको सदस्यको विवरण

| क्र स | सदस्यको नाम | खेति योग्य जमिन | पशु सख्या |
|---|---|---|---|
| | | | |
| | | | |

## अनुसूची -३

## बीउ उत्पादन क्षेत्र निर्धारण मापदण्ड

## दफा ३ को उपदफा (५) सँग सम्वन्धित

| क्र.स. | सूचकाङ्क आधार | अधिकतम अङ्क |
|---|---|---|
| १ | प्रस्तावित बीउ उत्पादन क्षेत्रको क्षेत्रफल | १० |
| २ | सम्भावित लाभान्वित वर्गको सख्या | १० |
| ३ | बाली/वस्तुको क्षेत्रफल विस्तारको सम्भावना | १० |
| ४ | प्रस्तावित बाली/वस्तुको प्राविधिक एंव भौगोलिक उपयुक्तता | १० |
| ५ | प्रस्तावित बाली/वस्तुको स्थानीय आवश्यकता तथा प्रादेशिक महत्व | १० |
| ६ | उत्पादन सामाग्री आपुर्ति तथा उत्पादन पुर्वाधारको सहजता | १० |
| ७ | प्रस्तावित बाली/वस्तुको सामुहिक वा क्लष्टरमा खेती गर्न सकिने सम्भावना | १० |
| ८ | वजारीकरणको सम्भावना एंव वजार सुविधा | १० |
| ९ | रोजगारी सृजना सख्या | १० |
| १० | कार्यक्रमको उद्देश्य प्रासिमा सहयोग | १० |

नोट: क्षेत्र निर्धारण सिफारिस समितिले आवश्यकता अनुसार मापदण्डलाइ विस्तृतीकरण गरि सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ ।

अनुसूची -४

आवेदन/प्रस्तावपत्रमा समावेश गर्नुपर्ने क्रियाकलापहरु

दफा ४ को उपदफा (६) सँग सम्वन्धित

| क्र.स. | विवरण | कैफियत |
|---|---|---|
| १ | बीउ उत्पादन प्रवर्द्धन तथा क्षेत्र विस्तार सहयोग | |
| | उत्पादन सामांग्री(श्रोत बीउ/उन्नत बीउ, मल तथा सुरक्षित विषादी) | धान,गंहु,मकै,केराउ,सिमी, मुला,आलु,जै तथा टियोसेन्टी |
| | श्रोत बीउ तथा सामाग्री सहयोग (नेपाली वर्णशंकर जातका लागि मात्र ) | |
| | साना सिंचाइ निर्माण/ मर्मत सम्भार (सौर्य सिंचाइ, स्यालो ट्युव वेल, वाँध कुलो निर्माण/मर्मत आदि ) | |
| २ | संरचनागत सुधार तथा पूर्वाधार विकास (बीउ श्रोत केन्द्र स्थापना) | |
| | बीउ भण्डारण गृह न्यूनतम २० मे. टन क्षमताको (बोरा राख्ने प्यालेट तथा ड्राइङ्ग फ्लोर समेत) | |
| | बीउ प्रशोधन इकाइ | |
| | न्यूनतम ०.५ मे टन प्रति घण्टा क्षमताको बीउ सफा गर्ने प्रशोधन मेशीन | |
| | प्रति व्याच ५० के.जी. क्षमताको बीउ उपचार गर्ने मेशीन | |
| | बोरा सिलाउने मेशीन | |
| | बीउ जोख्ने डिजीटल तराजु न्यूनतम १०० के.जी. क्षमता | |
| | बीउ सुकाउने ड्रायर | |
| | ५०००० दाना पि.वि.एस. उत्पादन गर्न सकिने स्क्रिन ग्रिन हाउस निर्माण (माटोमा आधारीत ) कोल्ड च्याम्वर सहित | |

## अनुसूची -५

## पूर्वाधार विकास तथा संरचना सुधार कार्यक्रमको लागि आवेदकहरुको न्यूनतम योग्यता

## दफा ४ को उपदफा (५) सँग सम्वन्धित

क. सम्बन्धित निकायमा अद्यावधिक दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि,

ख. श्रोत बीउ उत्पादन गर्न चाहने आवेदकको हकमा मुल बीउ उत्पादन इजाजत प्रमाण पत्रको प्रतिलिपि,

ग. स्थायी लेखा नम्बर/मु.अ.क.दर्ता प्रमाण पत्रको प्रतिलिपि,

घ. श्रोत/उन्नत बीउ उत्पादन कार्यक्रममा सहभागी हुने समूह/सहकारी/बीउ बैंकको बैठकको माइन्युटको प्रतिलिपि,

ङ. पूर्वाधार तथा संरचना भाडाको जग्गामा निर्माण गर्ने भए जग्गा लिजमा लिएको सम्झौता र जग्गाको जग्गा धनि पुर्जाको प्रतिलिपि,

च. सामुहिक रुपमा बीउ उत्पादन गर्नेको हकमा बीउ उत्पादकहरुको जग्गाको कित्ता नं. एवं क्षेत्रफल सहितको सूची,

छ. प्रचलित नियमानुसार सहकारी तथा निजि फार्म/कम्पनीको हकमा गत आ.व. को लेखा परिक्षण प्रतिवेदन तथा कर छुट/कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

अनुसूची -६ "क"

**संरचनागत सुधार तथा पूर्वाधार विकास कार्यक्रममा सहभागीताका लागि पेश गर्ने प्रस्तावपत्रको ढाँचा**

**दफा ४ को उपदफा (६) सँग सम्वन्धित**

१. प्रस्ताव पेश गर्ने संस्थाको नाम

२. ठेगाना

३. दर्ता भएको निकाय

४. कार्यक्रमको नाम

५. कार्यक्रम सञ्चालन हुने स्थान

६. कार्यक्रम अन्तर्गत बीउ उत्पादन हुने बालीहरु

७. बीउ उत्पादनको प्रकार

८. बीउ उत्पादन हुने क्षेत्रफल

९. कार्यक्रमको उद्देश्य

१०. कार्यक्रमका मुख्य मुख्य क्रियाकलापहरु

११. कुल लागत रु.

सहजिकरण रकम रु.

आवेदकको लागत सहभागीता रु.

१२. कार्यक्रमको नविनतम पक्षहरु

१३. कार्यक्रममा सामाजिक समावेशिता

१४. लाभान्वित विवरण

| पुरुष | जम्मा | दलित | जनजाति | अन्य |
|---|---|---|---|---|

महिला

१५. अपेक्षित प्रतिफलहरु

१६. कार्यक्रमको निरन्तरताका लागि अवलम्वन गरिने विधि एवं तौर तरिका

१७. कार्यक्रम शुरु हुने मिति

१८. कार्यक्रम सम्पन्न हुने मिति

१९. प्रस्तावित कार्यक्रम तथा वजेट

| क. स | विवरण | इकाइ | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्पादन सामाग्री | | | | | |
| | बीउ | | | | | |
| | मल | | | | | |
| | विषादी | | | | | |
| २ | पूर्वाधार निर्माण | | | | | |
| | बीउ प्रशोधन कक्ष/गृह निर्माण | | | | | |
| | बीउ प्रशोधन मेशीन | | | | | |
| | बीउ उपचार गर्ने मेशीन | | | | | |
| | बीउको चिस्यान मापक यन्त्र | | | | | |
| | बीउ सुकाउने त्रिपाल | | | | | |
| | बोरा सिलाउने मेशीन | | | | | |
| | बीउ प्याकिंग गर्ने बोरा | | | | | |
| ४ | व्यवस्थापन | | | | | |
| | सामाग्री ढुवानी | | | | | |
| | पारदर्शिता प्रवर्द्धनका लागि होर्डिग वोर्ड | | | | | |
| | सार्वजनिक सुनुवाइ | | | | | |
| | जम्मा | | | | | |

२०. बीउ वजारीकरण तथा व्यवस्थापन गर्न गरिने विविध पक्षहरु

२१. श्रोत व्यवस्थापनका लागि गरिने अन्तर निकाय समन्वय

२२. वातावरण संरक्षण एवं प्रवर्द्धनका लागि अवलम्वन गरिने उपायहरु

प्रस्ताव पेश गर्नेको नाम थरः

पदः
हस्ताक्षर
मितिः
सम्पर्क नम्बरः

| |
|---|
| संस्थाको छाप |

पुनश्च : यस ढाँचामा आफूले गर्न चाहेको बीउ बाली उत्पादनका विविध बिषय तथा क्रियाकलापहरु विस्तृत रुपमा समावेश गर्नुपर्ने, साथै संरचना निर्माणको हकमा डिजाइन, लगत इष्टिमेट तथा औजार उपकरणहरुको हकमा प्राविधिकि विशेषताहरु (Technical Specifications ) हरु समेत संलग्न गर्नु पर्नेछ ।

## अनुसूची –६ "ख"

**<u>बीउ उत्पादन प्रवर्दन तथा क्षेत्र विस्तार सहयोग कार्यक्रममा सहभागीताका लागि पेश गर्ने आवेदनपत्रको ढाँचा</u>**

**<u>दफा ४ को उपदफा (६) सँग सम्वन्धित</u>**

१. आवेदन पेश गर्ने संस्थाको नाम

२.ठेगाना

३. दर्ता भएको निकाय

४. कार्यक्रमको नाम

५. कार्यक्रम सञ्चालन हुने स्थान

६. कार्यक्रम अन्तर्गत बीउ उत्पादन हुने बालीहरु

७. बीउ उत्पादनको प्रकार

८. बीउ उत्पादन हुने क्षेत्रफल

९ सिंचाइ सम्बन्धी विवरण

सिंचाइको प्रकार

लाभान्वित घरधुरी

विस्तार हुने सिंचित क्षेत्रफल

१०. कार्यक्रमको उद्देश्य

११. कार्यक्रमका मुख्य मुख्य क्रियाकलापहरु

१२. कुल लागत रु.

सहजिकरण रकम रु.

१३. लाभान्वित विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाति | अन्य |
|---|---|---|---|---|---|

१४. कार्यक्रम शुरु हुने मिति

१५. कार्यक्रम सम्पन्न हुने मिति

१६. प्रस्तावित कार्यक्रम तथा वजेट

| क. स | विवरण | इकाइ | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्पादन सामाग्री | | | | | |
| | बीउ | | | | | |
| | मल | | | | | |
| | विषादी | | | | | |
| २ | बाली व्यवस्थापन | | | | | |
| | जग्गा तयारी | | | | | |
| | गोडमेल | | | | | |
| | बाली कटानी | | | | | |
| | चुटानी | | | | | |
| | बाली संरक्षण | | | | | |
| | भण्डारण | | | | | |
| | अन्य | | | | | |
| ३ | साना सिंचाइ निर्माण/मर्मत सम्भार | | | | | |
| | कुल जम्मा | | | | | |

१७. बीउ वजारीकरण तथा व्यवस्थापन गर्न गरिने विविध पक्षहरु

आवेदन पेश गर्नेको नाम थरः

पदः

हस्ताक्षर

मितिः

सम्पर्क नम्बरः

| |
|---|
| संस्थाको छाप |

**पुनश्च : यस ढाँचामा बीउ उत्पादनमा सहभागी हुन चाहने सवै कृषकहरुको जग्गाको क्षेत्रफल, खेति गरिने बाली, बीउ उत्पादनको प्रकार सहितको विवरण संलग्न गर्नु पर्नेछ, साथै सिंचाइको लागि लागत इष्टिमेट समेत पेश गर्नु पर्नेछ ।**

अनुसूची -७

**प्रतिबद्धतापत्र /स्वघोषणापत्रको ढाँचा**

**दफा ४ को उपदफा (६) सँग सम्वन्धित**

बीउ बिजन प्रयोगशाला बागमती प्रदेश हेटौंडाको मिति................. मा प्रकाशित सूचना अनुसार बीउ बिजन आत्म निर्भर कार्यक्रममा सहभागीताको लागि इच्छुक भई सोको कार्ययोजनासहितको आवेदन पेश गरेको/गरेका छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेखित कार्य गर्नेछौं र प्रत्येक वर्षमा कम्तिमा २ वटा मुख्य बालीको बीउ उत्पादन सहित ५ वर्षसम्म निरन्तर रुपमा बीउ उत्पादन, व्यवस्थापन तथा वजारीकरण सम्बन्धी कार्य गर्नेछौं। कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि अगावै सो कार्य बन्द गरेमा यस कार्यको लागि प्राप्त सहजिकरण वापतको रकम प्रचलित ब्याजसहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं। सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने प्रतिवद्धता सहित स्वघोषणा समेत व्यक्त गर्दछौं ।यस कार्यविधिमा लेखिए बमोजिम नगरे प्रचलित कानून बमोजिम सहुँला /बुझाउँला ।

**आवेदकको तर्फबाट**

| क्र स | आवेदक संस्थाको नाम | ठेगाना गा.पा./न.पा. वडा नं | जग्गाको ठेगाना | बीउ उत्पादनका लागि प्रस्तावित जग्गाको कित्ता नं | बीउ उत्पादनका लागि प्रस्तावित जग्गाको कुल क्षेत्रफल हे. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

नामथर

पद

दस्तखत

मिति

संस्थाको छाप

## अनुसूची -८

**प्रस्तावपत्र मूल्याङ्कनका आधारहरु तथा अंकभार**

**दफा ५ को उपदफा (३) सँग सम्वन्धित**

| क्रस | आधारहरु | अक भार | कैफियत |
|---|---|---|---|
| १ | बीउ उत्पादन गर्ने क्षेत्रफल तथा वजारीकरण गर्न सकिने बीउको परिमाण | १५ | |
| | २० हेक्टर क्षेत्रफल तथा ३० मे. टन सम्म वजारीकरण परिमाण | ८ | |
| | २० देखि ३० हेक्टर क्षेत्रफल तथा ३१ देखि ४५ मे. टन सम्म बजारीकरण परिमाण | १२ | |
| | ३० हेक्टर भन्दा बढि क्षेत्रफल तथा ४५ मे टन भन्दा बढि परिमाणमा वजारीकरण | १५ | |
| २ | सामाजिक समावेशिकरण | ५ | |
| ३ | सम्बन्धित स्थानिय तहको बीउ उत्पादन तथा व्यवस्थापनमा प्राविधिक सहयोग गर्ने प्रतिवद्दता पत्र | १० | |
| ४ | उत्पादित श्रोत बीउ खरिद/विक्री सम्बन्धी खरिद विक्री पूर्व सम्झौता | १० | |
| ५ | सम्भावित बीउ उत्पादन क्षेत्रको प्राविधिक उपयुक्तता | १० | |
| ६ | लागत सहभागीताका लागि श्रोत जुटाउन सक्ने क्षमता | १० | |
| ७ | बीउ उत्पादन एवं व्यवस्थापन सम्बन्धी संस्थागत अनुभव | १५ | |
| | ३ वर्ष सम्मको उत्पादन सम्बन्धी अनुभव | ८ | |
| | ३ देखि ५ वर्ष सम्मको उत्पादन सम्बन्धी अनुभव | १२ | |
| | ५ वर्ष भन्दा बढिको उत्पादन सम्बन्धी अनुभव | १५ | |
| ८ | बीउ उत्पादनका लागि क्लष्टर/ब्लक निर्माण/विस्तार गर्न सकिने सम्भावना | १५ | |
| ९ | प्रस्तावमा उल्लेखित नविनतम एवं बीउ उत्पादनको निरन्तरताका लागि अवलम्वन गरिने पक्षहरु | १० | |

## अनुसूची -९

## कार्यक्रमको सम्भागहरु

## दफा ६ को उपदफा (१) सँग सम्वन्धित

(१) संस्थागत विकास, सुशासन तथा क्षमता अभिवृद्दि:

क. कार्यक्रम लागू हुने क्षेत्र भित्र क्रियाशिल कृषक समूह, बीउ उत्पादन समूह, कृषि सहकारीहरु गठन/पुनर्गठन तथा दर्ता प्रक्रियाका लागि आवश्यक सहजिकरण गरिने छ।

ख. कृषक समूह, सहकारी तथा बीउ बैंकहरुको क्षमता अभिवृद्धिसँग सम्बन्धित तालिम, गोष्ठी, भ्रमण जस्ता क्रियाकलापहरु सञ्चालन गरिने छ।

ग. बीउ उत्पादन क्षेत्र भित्र क्रियाशिल कृषक समूह, सहकारी तथा सामुदायिक बीउ बैंकहरुलाई बीउ उत्पादन व्यवस्थापन, यथार्थ संकेतपत्र उल्लेखित बीउको उत्पादन एवं प्रवर्द्धनसँग सम्बन्धित तालिम, गोष्ठी, भ्रमणहरु सञ्चालन गरिने छ।

(२) संरचनागत सुधार तथा पूर्वाधार विकास (बीउ श्रोत केन्द्र स्थापना):

क. पूर्वाधार विकासमा सहभागी हुने आवेदकले आफ्नै वा अन्य संस्थासँगको समन्वयमा न्यूनतम २० मे.टन भण्डारण क्षमताको बीउ भण्डारण गृह निर्माण गर्नु पर्नेछ। साथै भण्डारण गृहमा बीउ सुकाउने खलो तथा बीउका बोराहरु राख्ने काठका प्यालेटहरु समेतको व्यवस्था गरिएको हुनु पर्नेछ ।

ख. संरचनागत सुधार तथा पूर्वाधार विकास अन्तर्गत निर्माण हुने संरचनाका लागि आवश्यक जग्गा सम्भव भएसम्म सम्बन्धित साझेदार संस्थाको स्वामित्वमा भएको हुनु पर्नेछ। आफ्नै स्वामित्वमा नभएको खण्डमा कम्तिमा १५ वर्षको लागि लिजमा लिएको हुनु पर्नेछ।

ग. पूर्वाधार विकासमा सहभागी हुने साझेदार संस्थाले उत्पादित एवं संकलित बीउको प्रशोधनका लागि कम्तिमा ०.५ मे.टन प्रति घण्टामा चल्ने बीउ प्रशोधन मेशीन, बीउ उपचार मेशीन, बोरा सिलाउने मेशीन लगायतका औजार उपकरणहरु सहितको बीउ प्रशोधन एकाईको स्थापना तथा व्यवस्थापन गर्नु पर्नेछ ।

घ. आलुको पि.वि.एस. दाना उत्पादन गर्न चाहने आवेदकले कम्तिमा ५०००० दाना प्रति वर्ष पि.वि.एस. दाना उत्पादन गर्न सकिने स्क्रिन हाउस/ग्रिन हाउस निर्माण गर्नु पर्नेछ। साथै कोल्ड च्याम्वरको समेत निर्माण गर्नु पर्नेछ ।

ङ. बीउ श्रोत केन्द्र स्थापना गर्न चाहने आवेदकले अनिवार्य रुपमा तोकिएको क्षेत्रफलमा श्रोत बीउ/उन्नत बीउ उत्पादन तथा व्यस्थापन गर्नु पर्नेछ।

(३) बीउ उत्पादन प्रवर्द्धन तथा क्षेत्र विस्तार सहयोग:

क. कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका क्षेत्र भित्र खाद्यान्न, तरकारी, घाँस तथा आलुको श्रोत एवं उन्नत बीउ उत्पादन प्रवर्द्धन तथा क्षेत्र विस्तार गरिनेछ।

ख. खाद्यान्न बाली (धान, गहुँ, मकै) को श्रोत बीउ उत्पादनका लागि आवश्यक उत्पादन सामाग्री (श्रोत बीउ, रासायनिक मल/जैविक मल, सुरक्षित बिषादी आदि)आदि सहयोग गरिनेछ ।

ग. खाद्यान्न बाली (धान, गहुँ, मकै)को उन्नत बीउ उत्पादनका लागि उत्पादन सामाग्री (श्रोत बीउ, रासायनिक मल/जैविक मल, सुरक्षित बिषादी आदि) खरिद एवं व्यवस्थापन गरिनेछ ।

घ. तरकारी (केराउ, सिमी, मुला) को उन्नत बीउ उत्पादन सहजिकरणका लागि उत्पादन सामाग्री खरिद एवं व्यवस्थापन (श्रोत बीउ, रासायनिक मल/जैविक मल, सुरक्षित बिषादी) गरिनेछ ।

ङ. घाँसको उन्नत बीउ उत्पादन सहजिकरणका लागि उत्पादन सामाग्री खरिद एवं व्यवस्थापन (श्रोत बीउ, रासायनिक मल/जैविक मल, सुरक्षित बिषादी आदि) गरिनेछ ।

च. आलुको श्रोत बीउ उत्पादन सहजिकरणका लागि उत्पादन सामाग्री खरिद एवं व्यवस्थापन (श्रोत बीउ, रासायनिक मल/जैविक मल, सुरक्षित बिषादी आदि) गरिनेछ ।

छ. बीउ उत्पादन क्षेत्रमा श्रोत/उन्नत बीउ उत्पादन प्रविधि प्रसारणका लागि बीउ उत्पादन कृषक पाठशाला सञ्चालन गरिनेछ।

ज. बीउ उत्पादन क्षेत्र भित्र उत्पादन एवं उत्पादकत्व अभिवृद्दि गर्न श्रोत उपलब्ध भएसम्मका क्षेत्रहरुमा सतह सिंचाइ/सौर्य सिंचाइ तथा भुमिगत सिंचाइ प्रविधिको उपयोग तथा प्रवर्द्धन गर्न सकिने छ।सिंचाइसँग सम्बन्धित क्रियाकलापहरुमा लागत सहभागीताको आधारमा सहजिकरण रकम उपलब्ध गराउन सकिनेछ ।

(४) बीउ बजार प्रवर्द्धन तथा सहयोग:

क. उत्पादित बीउको बजारिकरणमा टेवा पुर्याउन उत्पादक, बिक्रेता, सेवा प्रदायक निकाय समेतको बहुसरोकारवाला सम्मिलित खरिद बिक्री सम्झौता तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिने छ।

ख. बीउ उत्पादक संस्थाहरुलाई प्रोत्साहन स्वरुप बीउ प्याकेजिङ्ग तथा प्रशोधन सामाग्रीहरु, सुकाउने त्रिपाल, प्याकिङ्ग गर्ने बोरा, चिस्यान मापक यन्त्र आदि उपलब्ध गराउन सकिने छ।

ग. बीउको गुणस्तरका बारेमा जानकारी प्रवाहका लागि स्तर अनुसारका लेबलहरु वितरण गर्न सकिनेछ ।

घ. बीउ उत्पादन तथा व्यापारमा संलग्न व्यवसायीहरुलाई उत्पादन, गुणस्तर नियन्त्रण तथा नियमन सँग सम्बन्धित अनुशिक्षण, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

ङ. माग तथा आपूर्तिको अवस्था पहिचान तथा व्यवस्थापन गर्न श्रोत/उन्नत बीउको माग तथा आपूर्ति सम्बन्धी  अध्ययन सर्वेक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

च. बीउको आयात निर्यात अवस्था तथा बिभिन्न सरोकारवालाहरुको भूमिकाको बारेमा अध्ययनका लागि मूल्य श्रृङ्खला अध्ययन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(५) गुणस्तर नियन्त्रण तथा नियमनः

क. आवेदकहरुले गुणस्तरीय बीउ उत्पादनका लागि सहज रुपमा पृथकता दुरी कायम गर्न सकिने क्षेत्रमा मात्र बीउ उत्पादन गरिने सुनिश्चितता गरेको हुनु पर्नेछ।

ख. आवेदकहरुले आफूले लगाउने बालीहरुको जात प्रयोग भएको बीउको श्रोत तथा लगाएको क्षेत्रफल उल्लेख गरी बाली लगाएको १५ दिन भित्र बीउ बिजन प्रयोगशालामा पूर्व जानकारी फारम विधुतिय माध्यमबाट (https://seedlab.bagamati.gov.np) वा बीउ प्रमाणिकरण निर्देशिका २०७४ को अनुसूची-४ बमोजिम पूर्व जानकारी विवरण छिटो माध्यमबाट प्राप्त हुने गरि पठाउनु पर्नेछ।

ग. आवेदकहरुले श्रोत बीउ खरिद सम्वन्धि विवरण, परिमाण तथा लगाएको क्षेत्रफलको विस्तृत विवरण उल्लेख गर्नु पर्नेछ साथै श्रोत बीउको निस्सा (ट्याग/ खरिद विल) प्रमाणीकरण निकायमा पेश गर्नु पर्नेछ।

घ. प्रयोगशालाले प्राप्त पूर्व जानकारी फाराम अनुरुप बाली विशेषको आधारमा कार्य योजना सहित खडा बाली निरीक्षण, भण्डारण निरीक्षण तथा नमुना संकलन गर्न सक्ने छ।

ङ. प्रयोगशालाले प्राप्त/ संकलन गरेका नमूनाहरुको प्रयोगशाला परिक्षण गरी सम्बन्धित उत्पादकले प्राप्त गर्ने गरी परिक्षण प्रतिवेदन जारी गर्न सक्ने छ।

च. प्रयोगशालाले बीउ प्रमाणिकरणका लागि निर्धारीत न्यूनतम मापदण्डहरु पुरा गरेका उत्पादित श्रोत बीउमा बीउको श्रोत अनुसार संकेत पत्र जारी गर्न सक्नेछ।

छ. गुणस्तर नियन्त्रणका सबै पक्षहरु अवलम्बन भए नभएको एकिन गर्न प्रयोगशाला, कृषि ज्ञान केन्द्र तथा सम्बन्धित स्थानिय तहका प्राविधिकहरुले आवश्यकताअनुसार खडा बाली निरिक्षण गर्न सक्नेछ।

ज. आलुको बीउको प्रमाणिकरणका हकमा प्रचलित कानून बमोजिम ELISA परिक्षण सम्बन्धी कार्यहरु प्रयोगशालाले गर्न सक्नेछ।आलुको पि.वि.एस. दाना उत्पादनका लागि संरचना निर्माणमा सहयोग प्राप्त गर्ने आवेदकले उत्पादित बीउको अनिवार्य रुपमा ELISA परिक्षण गराउनु पर्नेछ।

अनुसूची -१०

कार्यक्रम विस्तृतिकरण (वजेट रु. हजारमा )

दफा ६ को उपदफा (२) सँग सम्वन्धित

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | एकाई | बार्षिक लक्ष्य | | | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट |
| १ | २ | | ३ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ |
| **(क)** | **पूजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | | | | | | | | | | | |
| ११.३.२.५ | मोटरसाइकल/स्कुटर खरिद | ३११२१ | संख्या | २ | १.५ | ६०० | २ | १.५ | ६०० | | ० | | | ० | |
| ११.३.७.२०१ | ल्यापटप/डेस्कटप खरिद | ३११२२ | संख्या | ४ | ०.९ | ३६० | ४ | ०.९ | ३६० | | ० | | | ० | |
| | पुजिगत कार्यक्रमको जम्मा | | | ६ | २.३ | ९६० | ६ | २.३ | ९६० | ० | ० | ० | ० | ० | ० |
| **(ख)** | **चालू खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | ०.० | | | ०.० | | | ० | | | ० | |
| २.१.७.३ | वेभसाइट सञ्चालन अपडेट इन्टरनेट सञ्चालन | २२११२ | पटक/ संख्या | १ | ०.३ | १२० | १ | ०.१ | ६० | १ | ० | ६० | | ० | |
| २.२.२.११ | मोटरसाइकल/गाडीका लागि मोविल | २२२१२ | लीटर | १८० | ०.१ | ३३ | १ | ०.० | ११ | १ | ० | ११ | १ | ० | ११ |
| २.२.२.२२ | कार्यालयको सवारी साधनको लागि डिजल | २२२१२ | लीटर | १२०० | ०.५ | २०५ | ४०० | ०.२ | ६९ | ४०० | ० | ६८ | ४०० | ० | ७० |
| २.३.१.१६ | कार्यालयको सवारी साधन मर्मत खर्च | २२२१३ | वटा | १ | ०.६ | २५० | १ | ०.२ | १०० | १ | ० | १५० | | ० | |
| २.४.१.१ | कार्यालयमा दैनिक प्रयोगमा आउने मसलन्द सामाग्री तथा सेवा | २२३११ | महिना | १२ | ०.९ | ३६० | १ | ०.२ | १०० | १ | ० | १०० | १ | ० | १६० |
| २.५.७.६७ | बीउ प्राविधिक/सहजकर्ता परिचालन | २२४१३ | जना | ८ | ८.३ | ३४२० | १ | २.८ | ११४० | १ | ३ | ११४० | १ | ३ | ११०० |
| **२.७.१५.११४** | **संस्थागत विकास तथा सुशासन** | २२५२२ | | | ०.० | | | ०.० | | | ० | | | ० | |
| | कृषक समूह/ कृषि सहकारी निर्माण | | संख्या | २० | १.२ | ५०० | ७ | ०.४ | १७५ | ७ | ० | १७५ | ६ | ० | १५० |

| क.सं. | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | एकाई | बार्षिक लक्ष्य | | | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट |
| | तथा दर्ता परिचालन | | | | | | | | | | | | | | |
| | कृषक समूह/सहकारीको क्षमता अभिवृद्दि | | संख्या | २० | २.४ | १००० | ७ | ०.९ | ३५० | ७ | १ | ३५० | ६ | १ | ३०० |
| | कृषक समूह सहकारी व्यवस्थापन तथा सञ्चालन | | संख्या | २० | २.४ | १००० | ७ | ०.९ | ३५० | ७ | १ | ३५० | ६ | १ | ३०० |
| २.७.१५.११४ | **उत्पादक संस्थाहरुको क्षमता अभिवृद्दि** | २२५२२ | | | ०.० | | | ०.० | | | ० | | | ० | |
| | बीउ उत्पादन सम्बन्धी आधारभुत तालिम (स्थलगत) | | संख्या | १५ | ०.४ | १५० | ५ | ०.१ | ५० | ५ | ० | ५० | ५ | ० | ५० |
| | श्रोत बीउ उत्पादन तथा व्यवस्थापन तालिम (परियोजना स्तर) | | संख्या | २ | १.० | ४०० | १ | ०.५ | २०० | १ | ० | २०० | | ० | |
| | यथार्थ संकेत पत्र उल्लेखित बीउ उत्पादन तथा प्रवर्द्धन सम्बन्धी अभियान (स्थलगत) | | संख्या | १२ | ०.६ | २४० | ४ | ०.२ | ८० | ४ | ० | ८० | ४ | ० | ८० |
| | बीउ उत्पादन क्षेत्रमा अवलोकन भ्रमण (अन्तर प्रदेश) | | संख्या | १ | १.२ | ५१० | | ०.० | | १ | १ | ५१० | | ० | |
| | श्रोत बीउ उत्पादन तथा व्यवस्थापनका लागि इजाजत पत्र सम्बन्धी तालिम (परियोजना स्तर) | | संख्या | १ | ०.५ | २०० | | ०.० | | | ० | | १ | ० | २०० |
| | समूह सहकारीमा लेखा व्यवस्थापन तालिम | | संख्या | ३ | १.५ | ६०० | २ | १.० | ४०० | | ० | | १ | ० | २०० |
| २.६.३.३. | **प्राविधिक/कर्मचारीहरूको लागि क्षमता अभिवृद्दि तालिम** | **२२५११** | **प्याकेज** | | ०.० | | ० | ०.० | ० | ४ | ० | | | ० | |
| | परियोजना सञ्चालन तथा व्यवस्थापन | संख्या | १ | १ | ०.७ | ३०० | १ | ०.७ | ३०० | | ० | | | ० | |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | एकाई | बार्षिक लक्ष्य | | | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट |
| | बीउ उत्पादन तथा व्यवस्थापन | संख्या | १ | १ | ०.७ | ३०० | | ०.० | | १ | १ | ३०० | | ० | |
| २.७.१५.११४ | **बीउ उत्पादन प्रवर्द्धन तथा क्षेत्र विस्तार सहयोग** | २२५२२ | | | ०.० | | | ०.० | | | ० | | | ० | |
| | श्रोत बीउ तथा उत्पादन सामाग्री सहयोग (धान गंहु मकै) | | हे | ६० | २.९ | १२०० | २० | १.० | ४०० | २० | १ | ४०० | २० | १ | ४०० |
| | उन्नत बीउ तथा उत्पादन सामाग्री सहयोग (धान गंहु मकै | | हे | १०० | ३.७ | १५०० | ३० | १.१ | ४५० | ४० | १ | ६०० | ३० | १ | ४५० |
| | तरकारीको उन्नत बीउ तथा उत्पादन सामाग्री सहयोग (केराउ सिमी मुला आदि ) | | हे | ५ | ०.३ | १२० | | ०.० | | ५ | ० | १२० | | ० | |
| | आलुको श्रोत बीउ तथा उत्पादन सामाग्री सहयोग | | हे | १५ | ०.७ | ३०० | | ०.० | | १५ | १ | ३०० | | ० | |
| | नेपाली वर्ण शंकर धान तथा मकैको बीउ उत्पादन/प्रवर्द्धन | | हे | ४ | ०.२ | ८० | | ०.० | | २ | ० | ४० | २ | ० | ४० |
| | घाँसको उन्नत बीउ तथा उत्पादन सामाग्री सहयोग (जै टियोसेन्टी आदि ) | | हे | ५ | ०.७ | १०० | | ०.० | | ३ | ० | ६० | २ | ० | ४० |
| | सिञ्चीत क्षेत्र प्रवर्द्धनका लागि साना सिंचाइ (कुलो वा नहर/सौर्य सिंचाइ/स्यालो ट्युव वेल आदि ) | | संख्या | १३ | ९.५ | ३९०० | | ०.० | | ७ | ५ | २१०० | ६ | ४ | १८०० |
| | गुणस्तरीय बीउ उत्पादन कृषक पाठशाला सञ्चालन | | संख्या | ४ | १.५ | ८०० | | ०.० | | २ | १ | ४०० | २ | १ | ४०० |
| २.६.४.२८५ | **बीउ वजार प्रवर्द्धन तथा सहयोग** | २२५१२ | प्याकेज | | ०.० | | | ०.० | | | ० | | | ० | |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | एकाई | बार्षिक लक्ष्य | | | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट |
| | खाद्यान्न तरकारी तथा घाँस बालीको बीउको मुल्य श्रृंखला अध्ययन | | पटक | १ | १.५ | ६०० | १ | १.५ | ६०० | | ० | | | ० | |
| | कार्यक्रमका लागि छनौट भएको बीउ उत्पादन क्षेत्रको आधारभुत तथ्याङ्क संकलन (Base Line Survey) तथा प्रतिवेदन तयारी | | पटक | १ | १.७ | ७०० | | ०.० | | १ | २ | ७०० | | ० | |
| | बीउ उत्पादकहरुलाइ बीउ प्याकेजिंग तथा प्रशोधन सामाग्री (त्रिपाल,बोरा,चिस्यान मापक यन्त्र आदि) सहयोग | | पटक | ३ | १.२ | ५०० | | ०.० | | २ | १ | ३०० | १ | ० | २०० |
| ११.६.२४.१ | **संरचनागत सुधार तथा पूर्वधार विकास (बीउ श्रोत केन्द्र स्थापना)** | २६४२३ | **प्याकेज** | | ०.० | | | ०.० | | | ० | | | ० | |
| | बीउ भण्डारण गृह निर्माण थ्रेसिङ्ग फ्लोर तथा बोरा राख्ने प्यालेट समेत (करिव २० मे. टन भण्डारण क्षमता) | | संख्या | ४ | १९.५ | ८८०० | २ | ९.८ | ४४०० | १ | ५ | २२०० | १ | ५ | २२०० |
| | बीउ प्रशोधन इकाइ स्थापना (मेशीनरी औजार उपकरण ०.५ मे टन प्रति घण्टा क्षमताका बीउ प्रशोधन मेशीन सहित सिड ट्रिटर बीउ तौल गर्ने व्यालेन्स लगाएतका उपकरणहरु ) | | संख्या | ४ | १९.५ | ७२०० | १ | ४.९ | १८०० | २ | १० | ३६०० | १ | ५ | १८०० |
| | आलुको पि.वि.एस. उत्पादनका लागि संरचना निर्माण (स्क्रिन हाउस/ग्रिन हाउस) कोल्ड च्याम्वर समेत | | संख्या | १ | ७.३ | ३००० | | | | १ | ४ | ३००० | | ० | |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | एकाई | बार्षिक लक्ष्य | | | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट |
| २.७.६.१५ | **गुणस्तर नियन्त्रण तथा नियमन** | २२५२२ | | | ०.० | | | ०.० | | | ० | | | ० | |
| | खडाबाली निरीक्षण | | पटक | ४ | ०.४ | १६० | १ | ०.१ | ४० | २ | ० | ८० | १ | ० | ४० |
| | बीउ प्रमाणिकरण तथा सकेत पत्र जारी | | पटक | ४ | ०.४ | १६० | १ | ०.१ | ४० | २ | ० | ८० | १ | ० | ४० |
| | बीउ नमुना संकलन तथा परिक्षण | | पटक | ३ | ०.३ | १२० | १ | ०.१ | ४० | १ | ० | ४० | १ | ० | ४० |
| | आलुको बीउ प्रमाणिकरणका लागि इलाइजा परिक्षण सम्बन्धी कार्य | | पटक | १ | ०.९ | ३५० | | ०.० | | १ | १ | ३५० | | ० | |
| | गुणस्तर नियमन सम्बन्धी अनुभव आदान प्रदानका लागि अन्तरप्रदेश भ्रमण | | पटक | १ | ०.६ | २६० | | ०.० | | | ० | | १ | १ | २६० |
| २.७.१५.११४ | **कार्यक्रम सञ्चालन एवं व्यवस्थापन** | २२५२२ | | | ०.० | | - | ०.० | - | | ० | | | ० | |
| | सञ्चार माध्यमबाट सूचना प्रवाह | | पटक | ३ | ०.४ | १५० | १ | ०.१ | ५० | १ | ० | ५० | १ | ० | ५० |
| | प्रस्तावपत्रहरु/आवेदनहरुको मूल्याङ्कन तथा समितिको वैठक सञ्चालन | | पटक | ६ | १.० | २०० | २ | ०.२ | ६६ | २ | ० | ६८ | २ | ० | ६६ |
| | फिल्ड स्तरका कर्मचारीहरुको लागि लजिस्टिक सहयोग | | पटक | १ | ०.१ | ५० | | ०.० | | १ | ० | ५० | | ० | |
| | कार्यक्रमको प्रचार प्रसारका लागि ब्रोसर बुकलेट प्रकाशन | | पटक | २ | | २०० | | | | १ | | १०० | १ | | १०० |
| | चालु खर्चको जम्मा (ख) | | | १७५३ | ९७.७ | ४००३८ | ४९९ | २७.५ | ११२७१ | ५६० | ४५ | १८२८२ | ५०९ | २५ | १०४४७ |
| | कुल खर्चको जम्मा (क+ख) | | | १७५९ | १००. | ४०९९८ | ५०५ | २९.८ | १२२३१ | ५६० | ४५ | १८२८२ | ५०९ | २५ | १०४४७ |

अनुसूचि -११

<u>उपलब्धिमा आधारित सहजीकरण ( Output based Facilitation ) सेवा /रकम</u>

<u>दफा ९ सँग सम्वन्धित</u>

| क. स. | विवरण | सहजीकरण (Facilitation) | कैफियत |
|---|---|---|---|
| | **क. सस्थागत विकास सुशासन तथा क्षमता अभिवृद्दि** | | |
| १ | बीउ उत्पादन क्षेत्र भित्र कृषक समूह कृषि सहकारी निर्माण दर्ता तथा परिचालन | १०० प्रतिशत | |
| २ | कृषक समूह सहकारीको क्षमता अभिवृद्दि | १०० प्रतिशत | |
| ३ | कृषक समूह सहकारी व्यवस्थापन तथा सञ्चालन | १०० प्रतिशत | |
| ४ | बीउ उत्पादन सम्बन्धी आधारभुत तालिम स्थलगत | १०० प्रतिशत | |
| ५ | श्रोत बीउ उत्पादन तथा व्यवस्थापन तालिमि परियोजना स्तर | १०० प्रतिशत | |
| ६ | यथार्थ सकेत पत्र उल्लेखित बीउ उत्पादन तथा प्रवर्द्धन | १०० प्रतिशत | |
| ७ | बीउ उत्पादन तथा वजारीकरण अन्तरक्रिया गोष्ठी | १०० प्रतिशत | |
| ८ | श्रोत बीउ उत्पादन तथा व्यवस्थापनका लागि इजाजत पत्र सम्बन्धी तालिम परियोजना स्तर | १०० प्रतिशत | |
| | **ख. संरचनागत सुधार तथा पूर्वाधार विकास (बीउ श्रोत केन्द्र स्थापना)** | | |
| १ | बीउ भण्डारण गृह निर्माण (न्युतम २० मे. टन भण्डारण क्षमता), बीउ सुकाउने खलो तथा बोरा राख्ने काठका प्यालेट सहित | लागतको ५० प्रतिशत वा एकमुष्ट रु २२ लाख मध्ये जुन कम हुन्छ | सार्वजनिक खरिद नियमावली मा व्यवस्था भएबमोजिम खरिद प्रक्रियाको अवलम्वन |
| २ | बीउ प्रशोधन इकाइ स्थापना ( न्यूनतम ०.५ मे. टन प्रति घण्टा क्षमताको बीउ सफा/ प्रशोधन गर्ने मेशीन, बीउ उपचार गर्ने मेशीन (प्रति व्याच ५० के.जी.), बीउ सुकाउने मेशीन, बोरा सिलाउने मेशीन, विउ तौल गर्ने उपकरण आदि ) | लागतको ५० प्रतिशत वा रु १८ लाख मध्ये जुन कम हुन्छ | |
| ३ | आलुको पि.वि.एस उत्पादनका लागि संरचना निर्माण (न्यूनतम ५०००० दाना उत्पादन गर्न सक्ने ) कोल्ड च्याम्वर सहित | लागतको ५० प्रतिशत वा एकमुष्ट रु ३० लाख मध्ये जुन कम हुन्छ | |
| | **ग. बीउ उत्पादन प्रवर्द्धन तथा क्षेत्र विस्तार सहयोग** | | |
| १ | श्रोत बीउ तथा उत्पादन सामाग्री सहयोग (धान,गंहु,मकै) | प्रति हेक्टर वढिमा रु २० हजार | |
| २ | उन्नत बीउ तथा उत्पादन सामाग्री सहयोग (धान,गंहु,मकै | प्रति हेक्टर वढिमा रु १५ हजार | |

| क. स. | विवरण | सहजीकरण (Facilitation) | कैफियत |
|---|---|---|---|
| ३ | तरकारीको उन्नत बीउ तथा उत्पादन सामाग्री सहयोग (केराउ,सिमी, मुला आदि ) | प्रति हेक्टर वढिमा रु २० हजार | |
| ४ | घाँसको उन्नत बीउ तथा उत्पादन सामाग्री सहयोग | प्रति हेक्टर वढिमा रु २० हजार | |
| ५ | आलुको श्रोत बीउ तथा उत्पादन सामाग्री सहयोग | प्रति हेक्टर वढिमा रु ३० हजार | |
| ६ | नेपाली वर्ण शंकर धान तथा मकैको बीउ उत्पादन/प्रवर्द्धन | प्रति हेक्टर वढिमा रु २० हजार | |
| ७ | गुणस्तरीय बीउ उत्पादन कृषक पाठशाला सञ्चालन | १०० प्रतिशत | |
| ८ | सिञ्चित क्षेत्र विस्तार ( सतह सिंचाइ/ सौर्य सिंचाइ/ भुमिगत सिंचाइ) | कुल लागतको ५० प्रतिशत वा रु ३ लाख मध्ये जुन कम हुन्छ | |
| | **घ. बीउ बजार प्रवर्द्धन तथा सहयोग सेवा** | | |
| १ | वहुसरोकारवालाहरु संग खरिद तथा विक्री सम्झौता सम्बन्धी अन्तरक्रिया गोष्ठी | १०० प्रतिशत | |
| २ | बीउ उत्पादकहरुलाइ बीउ प्याकेजिंग तथा प्रशोधन सामाग्री (त्रिपाल,बोरा,चिस्यान मापक यन्त्र आदि) सहयोग | १०० प्रतिशत | |
| ३ | बीउ व्यावसायीहरुका लागि क्षमता अभिवृद्दि/सचेतना तालिम | १०० प्रतिशत | |
| ४ | श्रोत बीउ/उन्नत बीउको माग तथा आपूर्ति सम्बन्धी अध्ययन/बीउ उत्पादन क्षेत्रको आधारभुत सर्वेक्षण | १०० प्रतिशत | |
| | **ङ .गुणस्तर नियन्त्रण तथा नियमन** | | |
| १ | श्रोत बीउको खडा बाली निरिक्षण | प्रदेश सरकारले तोकेबमोजिमको राजश्व लिएर | |
| २ | बीउ नमुना संकलन तथा परिक्षण | ,, ,, | |
| ३ | भण्डारण तथा प्रशोधन कक्ष निरीक्षण तथा अवलोकन | ,, ,, | |
| ४ | श्रोत बीउ प्रमाणिकरण तथा ट्यागिंग | ,, ,, | |
| ५ | आलुको बीउ प्रमाणिकरणका लागि इलाइजा परिक्षण | ,, ,, | |
| | **पुनश्चः केही अत्यावश्यक उत्पादन सामग्रीहरुको व्यवस्थापनका लागि मन्त्रालयले आवश्यक्तानुसार सहजीकरणका विषयहरु आवश्यक थपघट गर्न सक्नेछ ।** | | |